“शुसासन,स्वास्थ्य,शिक्षा,कृर्षि, र पुर्बाधार

सडक र बिद्युत शुभकालिका गाउँ पालिकाको मूल आधार”

शुभकालिका गाउँपालीका
गाउँ सभामा प्रस्तुत आगमी आर्थिक वर्ष २०७५/२०७६ को वार्षिक बजेट नीति तथा कार्यक्रम

सभा अध्यक्ष ज्यू

माननिय प्रदेश सभा सदस्य ज्यू

गाउँ पालिकाका सभा सभासद ज्यूहरु

आमन्त्रित अतिथि ज्यूहरु

**आगामी आर्थिक वर्ष २०७४। २०७५ को वार्षिक वजेट नीति तथा कार्यक्रममा यस गरिमामय गाउँ सभामा उपस्थित गाउँ पालिकाका सभा सभासद ज्यूहरु कालिका गाऊँ कार्यपालिकाको तर्फवाट हार्दिक स्वागत गर्दछु ।**नेपालको संविधान जारी भएको दोश्रो वर्षमा शुभकालीका स्थानीय सरकारको आर्थिक वर्ष २०७५/२०७६को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले पटकपटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन लगायत यस प्रदेश स्थापनार्थ भएका आन्दोलनहरुको स्मरण गर्न चाहन्छु । लोकतन्त्रको स्थापनार्थ शहीदहरु तथा बेपत्ता र पीडित नागरिकहरुको त्याग र वलिदानलाई उच्च सम्मान गर्दछु ।

**सभा अध्यक्ष महोदय,**

नेपालको दुर्गम कर्णाली प्रदेश कालिकोट जिल्ला कालिका गाऊँ पालिकामा एकातर्फ आर्थिक, सामाजिक, मानविय श्रोत, सडक विद्युत, स्वास्थ्य, शिक्षाको हिसाबले पछाडी परेको गाऊँ पालिका हो भने अर्को तर्फ भौगोलिक, सास्कृतिक, सम्पदाको धनि ,सौन्दर्यताले सिगारिएको विर सपुतहरुको तपोभुमी यो पालिका धेरै सम्भावना ओगटेर बसेको भुमी हो । यस गाउँ पालिकामा २५९३ घरधुरी, कुल जन संख्या १४०८० छ, भने कुल जनसंख्याको १६ देखी ६० उमेर उर्जासील समुह ३५.७० प्रतिशत छ जसको ५५ प्रतिशत भारत र अन्य खाडीमुलुकमा गएर काम गर्न बाध्य छन् । भने ९७.३२ वर्ग मिटर/८६९२.७१ हेक्टर फैलिएको भुभाग मध्ये ४१६८.३२ हेक्टर बन जंगलले ढाकेको छ । खेतीयोग्य जमिन ३६३६.७६ हेक्टर छ । यो गाउँ पालीका समुन्द्रको सतह ८५० देखि १८५० मिटर उचाइमा

बस्ती र ३८७५ मिटर उचाईमा बल्ले लेख अवस्थित छ। यस गाउँ पालिकाको बेसी क्षेत्र तिला र कर्णाली नदी किनारमा उष्ण हाबापानी छ भने उच्च स्थानमा समशितोष्ण हावापानी पाईन्छ। यस गाउँपालिकाको वार्षिक औषत तापक्रम ५ देखि १८ $^{0}$C सम्म रहेको छ। यस गाउँ पालिकामा कालो र बलौटे माटो पाइने हुदाँ कृषिको लागि ज्यादै उपयुक्त देखिन्छ। यस गाउँ पालिकाको ९५ प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न छन् तापनि आफ्नो उब्जनीबाट सरदर.३ महिना मात्र खान पुग्ने घरधुरी ३५ प्रतिशत , ३ देखी ६ खान पुग्ने ३१ प्रतिशत, ६ देखि ९ महिनासम्म खान पुग्ने २६ प्रतिशत र ९ देखि माथी वा बाह्रै महिना खान पुग्ने ६ प्रतिशत घरधुरी रहेको छ। ५५ प्रतिशत घरधुरीले आफ्नो श्रम र वैदेशिक/मौसमी रोजगारबाट प्राप्त आयको भरमा जिविकोपार्जन गरेका छन्। यस गाउँ पालिकाको बार्षिक औषत उत्पादन १.३ मे टन प्रति हेक्टर देखिएको छ, जुन राष्ट्रिय औषत उत्पादन भन्दा कम देखिन्छ। कृषि र गैरकृषि जन्य व्यवसाय प्रवर्द्धनका लागि एग्रोभेट, प्रशोधन केन्द्र र वजार जस्ता आधारभूत पूर्वाधारहरुको कमी देखिएको छ। यो गाउँ पालिका मुख्य कर्णालीराजमार्ग संग जोडिएकोले स्थानीय स्तरमा उत्पादित कृषि तथा वनजन्य बस्तुहरुको राम्रो बजार पाउने सम्भावना रहेको भए तापनि नत ग्रामीण सडकको पहुँच छ नत उत्पादनको राम्रो उपयोग हुन सकेको स्थिति छ। उपलब्ध श्रोत्रहरुको न्यून उपयोग भएको गाऊँ पालिकाको रुपमा प्रचित छ। यस गाऊँ पालिकामा तिला कर्णाली, भर्तागाड, बालिगाड, अधेरी गाड, घट्टे गाड जस्ता जल श्रोत बगिरहेका छन्। यी सबै गाड हरुमा २ वटा साना जलविधुत अयोजना विगत १० बर्ष देखी सर्भे गरेर थन्कीएका छन ३ वटा आयोजना लाखौ र करोडौ लागानी जन श्रमदा गरेर पनी अलपत्र अवस्थामा छन। जस मध्ये अधेरगिाड हाउडीको विधुत ६० लाख लगानी गरी यसै आ.व.मा सम्पन्न भई बत्ती बल्ने अवस्थामा छन्। उल्येखीत २ ओटा आयोजनाहरु आ.ब. २०७५/०७६ मा पून: सर्भे , मर्मत तथा पून: निर्माण गरीने छ। यी  खोला तथा गाडहरुमा १० वटा झो. पु. १ ट्रस बृज निर्माणधिन , ४ वटा कल्भट निर्माण भएका छन भने भईपरी आउने जोखीम नियूनिकरण गर्न ६ वटा झो.पु. १० वटा कल्भट तत्काल निर्माण गर्नु पर्ने देखीनछ। शुभकालीका पालिका भित्र पर्ने पर्यटकिय क्षेत्र लेख दह, मेहेले पाटन, रतेथला, कालिका मन्दीर,बल्ले माई, तिचुले माई, अजमारे माई, दाहलदेव शिव मन्दिर,महादेव, बाम्नी, नैनेल देव, जगनाथ, महावै, खापर , देवति, कालाशिल्ला लगाएत विभिन्न देवी देवताका मन्दिरहरु अवस्थीत छन जस्को मर्मत संभार, प्रचार प्रसार र प्रबद्धन गर्नु पर्ने छ। शुभकालीका गाउँ पालिका जल जंगल, खनिज, जडीबुटी, वन्यजन्तु , पशुपालन, अन्नबाली, फलफुल , र ठुलो मानविय श्रोत भएको गाऊँ पालिका हो। यि कुराको संरक्षण र उपयोग गर्न सकेपछि गाउँ पालिकाले आर्थिक विकासमा ठुलो सम्भावाना छ। जलश्रोतको उचित उपयोगले यो गाऊँ पालिका पुर्ण रुपले प्रकाशमय हुनेछ भने , विभिन्न प्रकारका पर्यटकिय क्षेत्रले गर्दा आयआर्जनमा बृद्धि हुने छ। विकासका आयमहरुलाई यथार्थतामा बदल्न भौतिक विकासको सात सातै मानविय विकासलाई समेत संगसंगै लैजानु पर्ने अपरिहार्यता रहेको छ। गाउँ विकास निर्माणका कार्यक्रममा भौतिक पुर्वाधार तर्फ काम गर्ने सबै निकायहरु बिच समन्वय गरि दोहोरो पना नहुने नितीलीई अबलम्वन गरी निर्माण कार्य अगाडी बढाइने छ। सामुदायीक र निजी विद्याय विच देखिएको शैक्षिक गुणस्तरको अन्तर धटाइने छ र शैक्षिक गुणस्तर बिकासकालागि नियमित अनुगमन तथा निरिक्षण प्राणालीलाई व्यवस्थीत गराइने छ। यस गा पा मा २६ वटा बालविकास केन्द्र, २५ वटा आधारभूत द्यिालय, ४ वटा माध्यामिक विद्यालय संचालनमा छन्। यस पालिकामा द्यिालय भर्ना दर ९८ प्रतिशत, द्यिालय छाड्ने दर ५ प्रतिशत भएता पनि महीला शाक्षरता ४२ प्रतिशत मात्र देखीन्छ। यस पालिकामा शिक्षको गुर्णस्तर सुधारका साथै प्राविधी शिक्षालयको व्यवस्था गरि सबै सरोकार वालाहरु जिम्मेवार भएर लाग्नु पर्ने देखीन्छ। यस गाउँ पालिकामा विगतमा देखीएका तिता अनुभवलाई संगाल्दै चालु सामाजिक सुरक्षा भत्तालाई ब्यवस्थीत

गरिने छ। यस गाउँ पालिकामा जोखिममा रहेका वालवालीका र असाहाय वृद्ध वृधाहरुकोलागि विशेष कार्यक्रमको व्यवस्था गर्न पहल गरिने छ।

समय अनुकुल परिवर्तन सँगै गाऊँ पालिकाको आवश्यकतालाई समेत मध्यनजर गर्दै हामीले गा.पा.को विकासकालागी सडक,यतायात, विद्युतीकरण, शिक्षा, स्वास्थ्य, संचार , सिचाई, सुशासन, झुलङ्गे पुल, खानेपानी तथा सरसफाई, वन, कृषि,पशुसेवा, आय तथा रोजगारीका अवसरको श्रृजनामा विशेष जोड दिने प्रयास गरेका छौं। विकासको वाधककोरुपमा रहेको सामाजिक अन्धविस्वास र कुरीतीलाई हटाउन हामीले शिक्षा र चेतना विस्तार गर्नु पर्छ भन्ने मान्यता लिएका छौं। गाउँ पालिकाको विद्धमान गरिवी, वेरोजगारी, शिक्षा र स्वस्थ्य लगायत विविध समस्यालाई क्रमिकरुपमा समाधान गर्दै ( **"शुसासन,स्वास्थ्य,शिक्षा,कृर्षि, र पुर्बाधार, सडक , बिद्युत** शुभकालिका **गाउँ पालिकाको मूल आधार"**) को परिकल्पनालाई सान्दर्भिक वनाउन यहाँहरुले प्रदान गर्नु हुने मार्गदर्शनमा शुभकालीका गाउँपालीका सदा क्रियासिल रहने व्यहोरा समेत निवेदन गर्न चाहन्छु।

## आगामी आर्थिक वर्षका लागि वजेट तर्जुमा गर्दा लिएका आधारहरु।

१. नेपालको संविधान, २०७२ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु।
२. स्थानीयसरकार संचालन ऐन २०७४ मा भएका व्यवस्थाहरु
३. नगरपालिकाको प्रशासकीय कार्य नियमित गर्ने ऐन २०७४मा भएका व्यवस्थाहरु
४. दिगो विकासका लक्ष्य (Sustainable Development Goal)ले निर्धारण गरेका प्रमुख लक्ष्य तथा क्षेत्रहरु।
५. राष्ट्रिय योजना आयोगद्वारा प्राप्त कार्यक्रम तथा वजेट तर्जुमा सम्वन्धी मार्गदर्शन।
६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालयका मार्ग दर्शन एवं परिपत्र
७. प्रथम गाउँ सभाले निर्दिष्ट गरेका मार्गदर्शन सिद्धान्त र प्राथमिकताहरु,
८. वस्ती, वडा स्तरीय योजना तर्जुमा गोष्ठी,एकीकृत योजना तर्जुमा, नगर कार्यपालिकाको वैठक हुदै सहभागितात्मक योजना तर्जुमा प्रक्रियाद्वारा प्राथमिकीकरण सहित प्राप्त भएका माग, योजना तथा सुझावहरु।

## वजेटका आधारभूत सोच :

जल, जंगल, खानी, उद्योग, पर्यटन, विद्युतिकरण, आय आर्यजन, शिक्षाको विकास, कृषिमा आधुनिकीकरण, भौतिक पूर्वाधारको विकास र स्वरोजगारमूलक कार्यक्रमलाई संगसंगै लैजाने र यस गाउँपालिका सम्पूर्ण वर्डाहरुमा सडक संजालमा जोड्दै कृषि क्षेत्रमा व्यवसायिकरण, बजारीकरण तथा यान्त्रिकीरणलाई प्रोत्साहित गर्दै दीगो आर्थिक वृद्धि हासिल गरी जनताको जीवनस्तरमा सुधार ल्याउने अपेक्षा गरिएको छ।

## वजेटका प्राथमिकताहरु :

उल्लेखित उद्देश्य परिपूर्तिका लागि वजेटमा निम्न प्राथमिकताहरु निर्धारण गरिएको छ।

१. लक्षित वर्गलाई आत्मनिर्भर वनाउन उनीहरुमा उद्यमशिलताको विकास गर्ने।

२. स्वरोजगारमुखी र  समावेशी आर्थिक विकासमा जोड दिने ।
३. जलविद्युत तथा स्थानीय सडक निर्माणलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गर्दै जाने ।
४. कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरणमा जोड दिने ।
५. पर्यटन प्रवर्द्धनको माध्यमद्वारा आर्थिक विकासमा जोड  दिने ।
६. संचालित आयोजनाहरुको एकीकृत र सघन अनुगमन प्रणाली मार्फत प्रभावकारिता र गुणस्तरमा अभिवृद्धि गर्ने ।
७. स्थानीय सुशासन प्रवर्द्धनमा जोड दिने ।

**सभा अध्यक्ष महोदय,**

**माथी उल्लेखीत परिकल्पनालाई सान्दर्भिक वनाउन शुभकालीका गाउँपालीकाले लिएका निति तथा कार्यक्रम प्रस्तुत गर्न सभाअध्यक्ष समक्ष अनुमती चाहन्छु ।**

१)शुभकालीकागाउँपालीका बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषता भएको पालीका हो । यस पालीकाको मौलिक विशेषतालाई आत्मसात गरी विविधताबीचको एकता, सामाजिक सांकृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्रभावलाई संरक्षण एवं प्रबर्द्धन गर्दै बर्ग्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प यस पालीका लिएको छ ।

२) यस पालीकाभित्र  दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षालाई पूरा गर्न स्थानिय सरकारले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत साधन र श्रोतको अधिकतम परिचालनद्धारा तीब्र आर्थिक बृदी हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषण रहित समाजको निर्माण गर्न प्रदेशको अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशिल बनाउँदै समाजबाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य यस गाउँपालीकाले लिएको छ ।

३) विकासका दृष्टिले पछाडि परेको यस गाउँपालीकाको सन्तुलित, गुणस्तरीय र दिगो रुपमा भौतिक पूर्वाधार विकास गर्ने महत्वपूर्ण जिम्मेवारी यस गाउँपालीकाको सरकारलाई आएको छ । गाउँ गाउँमा सिंहदरबारको नारालाई साकार पार्न गाउँपालीका सरकारले विकास र  सार्वजनिक सेवा प्रबाहमा जोड दिनु जरुरी छ । विकासका हिसावले कालीकेटका अन्य स्थानीय तह भन्दा पिछडिएको  यसगाउँपालीका विकासका सम्भावनाका हिसावले अवसर र चुनौती दुबै रहेको छ।

५) जडिबुटी, कृषि, जलश्रोत र पर्यटन यसका सम्भावना हुन भने यिनको अनुसन्धान, निर्माण र

उद्योग स्थापना गर्ने त्यतिकै चुनौतिहरु छन । भू—बनोट, सडक, संचार, छिमेकी जिल्ला सँग सीमा जोडिएका खुल्ला सिमानाको व्यवस्थापनजस्ता चुनौतिलाई अवसरको रुपमा परिणत गरी अगाडि बढ्नु परेकोछ । यस कार्यमा सबै राजनीतिक दल, नागरिक समाज, उद्योग, वाणिज्य र व्यापार क्षेत्रका प्रबुद्ध व्यक्तिहरु, बुद्धिजीवि वर्ग, कानून व्यावसायी र पत्रकारको महत्वपूर्ण भूमिका रहन्छ ।

६) "स्वास्थ्य प्रति जिम्मेवार–समृद्धिको आधार" भन्ने मूल नारा सहित जन जनमा स्वास्थ्यको पहुँच हाम्रो अभियान अन्तर्गत "मेरो बर्ष २०७५ अभियान" कार्यक्रम नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहयोगमा यस प्रदेशको सामाजिक विकास मन्त्रालयको अगुवाईमा शुभारम्भ हुने छ । यस अभियानले हरेक नागरिकले आफ्नो व्यवहार परिवर्तन गरेमा स्वस्थ र गुणस्तरीय जीवन बन्ने आशा लिएको छु । यस अभियानलाई सफल पार्ने हामी सबैको कर्तव्य हो । यस महान अभियानमा सबै पक्षको सहयोग र साथ रहनेछ भन्ने आशा लिएको छु ।

७) बर्तमान संविधानको सुन्दर पक्ष मध्ये नागरिकको कर्तव्य संविधानमा व्यवस्था हुनु पनि एक हो । स्थानीय सरकारले हामीलाई के दियो भन्नु भन्दा पनि स्थानीयसरकारले चालेका आर्थिक समृद्धिको आधारहरुलाई सफल पार्न नागरिकको हैसियतले मैले स्थानीयसरकारलाई के सहयोग गरे भनेर मनन गर्न सबैमा अनुरोध गर्दछु । स्थानीयसरकारले लिएका नीति तथा कार्यक्रम हाम्रो साझा कार्यक्रम हो भन्ने भावना प्रत्येक नागरिकले मनन गर्न जरुरी छ । यस कार्यक्रमलाई प्रत्येक नागरिकले आ—आफ्नो स्थानबाट मन, बचन र कर्मले साकार पार्न दत्तचित्त भै लाग्नु पर्ने भएकोछ । जसले गर्दा यस प्रदेशको दीगो शान्ति, विकास र समृद्धिको जनताको आकांक्षा पूरा हुने मार्ग प्रशस्त हुने विश्वास लिएको छु ।

८) स्थानीयसरकारको समग्र विकास र समृद्धिको गुरूयोजना  बनाउन विज्ञहरूको एक टिम निमार्ण गरि स्थानीयको समग्र योजनाको खाका सार्वजनिक गरिने छ ।

९)महिला दलित, जनजाति तथा सिमान्तकृत जाति तथा समुदायहरूलाई शसक्तिकरण गर्नका लागि विषेश कार्यक्रम ल्याइने छ ।

**सभाअध्यक्ष महोदय,**

१०) जनतासँग अध्यक्षको प्रत्यक्ष सम्बन्ध स्थापित गर्ने कार्यक्रमलाई अगाडी बढाईने छ ।

११) स्थानीयस्तरीय ऐन, कानून तथा नीति निर्माण सम्बन्धी कार्यलाई तिब्रता दिइने छ ।

१२) मानव अधिकारको संरक्षण तथा प्रबर्द्धन गर्ने कार्यक्रम सम्बन्धि नीति नियम तर्जुमा गरिने छ ।

१३) अनियमिता, ढिलासुस्ति र भ्रष्टाचार नियन्त्रण गरी सुशासन सहितको जनमैत्री शासन ब्यवस्था अवलम्बन गरिने छ ।

१४) भष्टाचारलाई शुन्य सहनसिलताको निति अवलम्बन गर्दै भष्टाचार रहित गाउँपालीका बनाइने छ । पारदर्शि, छिटो छरितो, प्रशासन राखि पूर्ण सुशासन कायम गरिने छ ।

१५) स्थानीय पालीकास्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयनका कार्यक्रम अगाडी बढाइने छ ।

१६) स्थानीयस्तरीय तालिम, नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण सम्बन्धि कार्य अगाडी बढाइने छ ।

१७) गाउँपालीका र वडापालीका कार्यलय तथा शाखाहरूको संस्थागत सुधार गर्ने कार्यलाई अगाडी बढाइने छ ।

१८) संचार क्षेत्रलाई ब्यवस्थित र प्रभावकारी बनाउन आवश्यक कार्यक्रम**घुमथलाको टावर भर्ता पिरर्सेमेला मा नमस्ते स्काईको टावर जडान गरीथ्री जि र फोर जि सेवा उपलब्ध गराईने छ ।**

**सभाअध्यक्ष महोदय,**

१९) एकवडापालिका एक घरेलु उद्योगको नीतिअनुसार स्थानीय सीप, प्रविधिर कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगलाई प्रवर्धन गर्ने नीति अबलम्बन गर्ने तथा रोजगारमुखी र उत्पादन मुलक ठुला र मझौला उद्योगहरु जस्तै, खनिज, जडिबुटी जस्ता पालीकाका कच्चा पदार्थ उपभोग हुने उद्योग को स्थापना तथा विकासलाई प्राथमिकता दिईने छ ।

**२०)शुभकालीका गाउँ पलीकामा रहेको काईनाइट उद्यमीहरुसँग सम्झौता गरी उत्खनन् प्रक्रिया अगाडी बढाईने छ ।**

२०) स्थानीयस्तरमा उत्पादित वस्तु तथा सेवाको उपभोगलाई प्राथमिकता र प्रोत्साहन दिइने छ

२१) पालीकामा अत्यावश्यक वस्तु तथा सेवाको सहज, सुलभ र नियमित आपूर्तिका लागि सार्वजनिक, सरकारी, निजी तथा सहकारीको सहकार्यको प्रणालीलाई स्थापित गरिने छ । स्वस्थ प्रतिस्पर्धात्मक बजार व्यवस्थालाई प्रोत्साहन गर्न बजारको नियमन र अनुगमनको प्रणालीलाई स्थापितगरि आपूर्ति प्रणालीलाई चुस्त बनाइने छ ।

२२) "हरियो वन गाउँपालीकाको धन" भन्ने नारा सार्थक गर्न वनश्रोतको बहु उपयोग गर्ने नीति

लिईने छ । सहभागितात्मक र वनको दिगो व्यवस्थापन गर्ने नीति अवलम्बन गरी सरकारी तथा निजी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै वनजन्य उद्यमको प्रबर्द्धन, उत्पादनको विविधीकरण र बजारीकरणबाट मूल्यअभिवृद्धि र रोजगारी सिर्जना गरिने छ ।

२३) **गाउँपालीका**स्तरमा जल तथा भूमीको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकिकृत संरक्षण र व्यवस्थापन गरिने छ । **पानीका मुहान भन्दा माथी बर्षातको पानी संकलन केन्द्र निर्माण गरीने छ ।**

२४)जनताको धन, जडीवुटी वन्यजन्तु र वन " भन्ने नारालाई साकार पार्नकासाथ बन जंगलको संरक्षण र सही उपयोग एवं जडीबुटीको व्यबस्था र प्रशोधनमा जोड दिईने छ । आर्थिकरुपले महत्वपूर्ण जडीवुटी तथा गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती, उत्पादन वृद्धि र बजारीकरणलाई प्रोत्साहन गरिने छ । साथै सामुदायिक, कबुलियती, साझेदारी, संरक्षित, धार्मिक लगायतका समुदायद्वारा व्यवस्थित वनलाई आर्थिक र सामाजिक रुपले सक्षम बनाउँदै लाभको न्यायोचित बाँडफाँड गर्ने व्यवस्था मिलाईने छ । सार्वजनिक स्थलमा आर्थिक लाभ लिन सकिने खालका वृक्षारोपण कार्यक्रमलाई स्थानीयतहसँग समन्वय गरी एक व्यक्ति दश रुख रोप्ने नीतिलाई अभियानको रुपमा अगाडि बढाइने छ ।

२५) प्राकृतिक प्रकोपका जोखिमयुक्त क्षेत्र पहिचान गरी नकारात्मक प्रभाव न्यूनीकरण गर्ने **विपद व्यवस्थापन** योजना तयार गरी कार्यान्वयनमा ल्याइनछ । विपद व्यवस्थापन, पूर्व तयारी जोखिम न्यूनीकरण र विपद प्रतिकार्यका लागि स्**थानीय**विपद् कोष स्थापना र  सञ्चालन गरिने छ । वस्ती स्थानान्तारण सम्वन्धि **स्थानीय**नीति कानून, मापदण्ड र योजना तर्जुमा गरिनेछ ।

२६) **स्थानीय तह**लाई सुचना प्रविधि युक्त प्रदेश बनाउन सूचना प्रविधि सम्बन्धी भौतिक पूर्वाधार स्थापना गरिने छ ।

२७) **प्रहरी चौकी स्थापना गरी शुभशुभकालीका गाउँपालीकाको** शान्ति सुरक्षालाई अनुभूति हुने गरी सेवा प्रवाह गरि गुण्डागर्र्दी, संगठित अपराध, जबरजस्ती असुली, लागु औषध दुर्ब्यसनि,  महिला तथा बाल हिंसा आदिको प्रभावकारी रुपमा नियन्त्रण गरिने छ । साथै लागु औषधगाँजा चरेश अबैधको प्रयोग तथा ओसारपसारलाई निरुत्साहित गरी नियन्त्रण गर्न र त्यसका विरुद्ध जनचेतना कार्यक्रम संचालन गरिने छ ।

२८) कालोबजारी, अबैध ब्यापार, चोरी निकाशी–पैठारी, तस्करी जस्ता कृयाकलाप उपर निगरानी र नियन्त्रण गर्न  सुरक्षा निकायको समन्वयात्मक परिचालनलाई जोड दिई जनतामा दिने सेवा नागरिक बडापत्र खडा गरी तथ्यपूर्ण गुनासो र उजुरी सुनुवाइको लागि निःशुल्क प्रणालीको विकास

तथा नागरिक सहायता कक्ष (Help Desk) स्थापना गरी गुनासो फछ्र्यौटको प्रगति जानकारी दिने व्यवस्था मिलाईने छ ।

२९) **स्थानीय न्यायीक समिति**भित्रका न्यायिक र अर्धन्यायिक निकायले गरेका फैसला कार्यान्वयनमा जोड दिइने छ ।

३०)**पालीकाको** भौगोलिक र सामाजीक अवस्थाको अध्ययन गरि शहरीकरण तथा एकिकृत बस्ती बिकास कार्यक्रम वडनं २ र ३ **भर्ताको तिलेखुडा देखी नैनेलडाँडा सम्म र**वडानं ४, ५ र ६ कालेखोला **देखी हाउडी दहचौर सम्म** संचालन**तथा व्यवस्थापन** गरिने छ ।

३१)सुरक्षित, व्यवस्थित, वातावरणमैत्री भवनहरु निर्माण गर्नका लागि भवनसंग सम्बन्धित ऐन, नियमहरु, भवन संहिता, मापदण्ड, निर्देशिका तयार गरी कार्यान्वयमा ल्याइने छ ।

३२) लक्षित वर्ग तथा समुदाय लाई पहिचान गरी जनता आवास कार्यक्रम संचालन गरिने छ ।

३३) अपाङ्गता भएका ब्यक्ति, **जनजाती**र दलित समुदायको उत्थान गरी शिक्षा र रोजगारमा पहुँच पुर्याउन जोड दिइने छ ।

३३) शुभकालीका गाउँपालीकालाइ स्थानीय बालमैत्री शासन लागुभएके गाउँपालीका घेषणा गर्न सबै सुचकहरू पुरा गर्ने अधार तयार गरी यसै बर्ष भीत्र घेषणा गरीने छ ।

३४) महिला सशक्तिकरणको लागि विशेष कार्यक्रम ल्याउने निति अवलम्बन गरिने छ ।

३५) **गाउँपालीकाबाट अन्तर जिल्ला जोड्ने** सडक सन्जालसंग जोड्न संघीय सरकारसंग समन्वय गरी आवश्यक पहल कदमी अगाडी बढाइने छ ।

३६) **शुभकालीका गाउँपालीकाको** भौतिक पूर्वाधार विकासका लागि **सेरीघाट भर्ता—घट्टेगाड भुलुकोट, व्याउली पान्तडी, मोल्फा घट्टेगाड भुलुकोट, बद्रिगाउँ राराघाट हुदै राराकाटीया, काली भर्तागाड सुन्दर गाउँ हुदै पर्सामखोला, दैखोला छाती तिजथला हुदै भर्ता छेलोहान्ना, किलोहान्ना भर्ता, भुवानथान भर्ता, रातीमाटी थुनी भर्ता** आयोजनाको रुपमा समावेश गर्न पहल गरिने छ । **सेरी पन्तडी, किलोहान्ना भर्ता र व्याउली पान्तडी, सडकका लागि प्रदेश र**संघीय सरकारसंग अनुरोध गरिने छ ।

३७) भतार्गाड, भलेटागाड जल विद्युत आयोजना लाई पहिलो प्राथमिकतामा राखी यसै बर्ष देखी संचालनमा ल्याइनेछ र जिल्लाकेर राष्टीय विद्युत प्रसारण लाइन जडान तथा विस्तार गरिने छ ।

३८) आगामी पांच वर्ष भित्र सबै स्थानिय वडाहरूमा विद्युतको सहज पहुंच अभिवृद्धि गर्न जल विद्युत, वैकल्पिक उर्जा (सोलार, वायोग्यांस, वायो उर्जा) आदिको सम्भाव्यता अध्ययन गरी उज्यालो पालीका अभियानलाई अगाडी बढाईने छ ।

३९) जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, जलउत्पन्न प्रकोपलाई न्यूनीकरण गर्ने जोखिमयुक्त जलाशय तथा पहिरो व्यवस्थापनका लागि आवश्यक नदी नियन्त्रणका योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछन् ।

४०) संघीय सरकारसंग समन्वय गरी प्रदेश सरकार, स्थानीय सरकार र जनताको प्रत्यक्ष संलग्नतामा बिद्युत उत्पादन गर्ने आयोजनाहरु सुरु गर्ने नीति लिईने छ ।

४१) आगामी पांच वर्ष भित्र बहुउद्देशीय जल उपयोग नीति अन्तगत भूमिगत तथा आकाशे पानिको ब्यवस्थापन गरी गाउँपालीकाका जनताको स्वच्छ खानेपानीको पहुंच कायम गरिने छ ।

४२) उत्पादनशिल जमिनमा सिंचाइका श्रोतहरुको पहिचान गरी सबै ठाउँमा सिंचाई सुविधा उपलब्ध गराईने छ ।

**सभा अध्यक्ष महोदय**

४३) दक्ष जनशक्ति उत्पादन तथा दिगो बिकासका सम्बन्धी बाल बिकासकालागि विशेष कार्यक्रम ल्याइने छ । साथै शिक्षाबाट बंचित रहेका बालबालिका का लागि अनिवार्य शिक्षाको अवसर प्रदान गरिने छ ।

४४) गाउँपालीकाको आवश्यकता र संम्भावनालाई मध्य नजर गर्दै गाउँपालीकाका ४ वटा विद्धालयमा प्राविधिक शिक्षालय स्थापना गरी प्राविधिक र व्यावसायिक शैक्षिक कार्यक्रम संचालन गरिने छ । साथै यस्ता विद्यालयहरुलाई स्थानीय सरकारबाट प्रोत्साहन तथा नतिजामा आधारित अनुदानको व्यवस्था गरिने छ । साथै आवासीय विद्यालयको अवधारणा लिईने छ ।

४५) साक्षरता तथा साक्षरोत्तर कार्यक्रमहरुको संचालन गरी साक्षर पालीका घोषणा अभियानको संचालन गरिने छ ।

४६) गाउँ पलीका भित्र आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्दै सर्व सुलभ र प्रभावकारी बनाइने छ । साथै स्वास्थ्य वीमा अनिवाय लागु गर्ने नीति बनाइने छ ।

४७)स्वास्थ्य सेवामा पहुँच बढाउनपालीकाकेनाममा एक एम्बुलेन्स उपलब्ध गराइने छ ।

४८)असहाय जेष्ठ नागरिकको पालन, पोषण र संरक्षणको उचित व्यवस्था गर्दै अपङ्गता भएका व्यक्तिहरुको समावेशी करणको नीति अवलम्बन गरिने छ ।

४९) विभिन्न भाषाभाषी, कलाकृति, जातजाती, धर्म संस्कृति सहितको पहिचान झल्कीने गरी कला तथा संस्कृति संग्राहालयको स्थापना गरिने छ ।

५०) युवाहरुलाई उत्पादानसँग जोडिने नीति ल्याइने छ । सिप युवाका लागी , युवा समाज

पिरवतर्नका लागि,भन्ने अभियान सहित योजनाबद्ध रुपमा मानव संसाधन बिकास कार्यक्रम लागु गरिने छ ।

५१) गाउँपालीकामा १५ शैयाको अस्पताल स्थापनाको प्रक्रिया अगाडी बढाइने छ ।

५२) गाउँपालीका बाट उपचारको शिलशिलामा अन्यत्र प्रेषण भई जाने बिरामीहरुको लागि सहजीकरणा गर्ने कार्यक्रम ल्याइने छ । साथै लक्षित बिरामीहरुको लागि एम्बुलेन्सको सामान्य उपचारको सेवा दिइने छ ।

५३) गैर सरकारी संस्थाहरुको कामकारवाहिलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन एउटै निकाय अन्तर्गत दर्ता र नियमन गर्ने गरी सामाजिक संघ संस्था संचालन तथा व्यवस्थापन ऐन ल्याइने छ ।

५४) आयोजनाहरुको प्राथमिकीकरण गरी त्यसका लागि आर्थिक स्रोतको व्यवस्था मिलाइने छ ।

५५)सार्वजनिक खरिद प्रकृया प्रतिस्पर्र्धी, पारदर्र्शी र परिणाममुखी बनाउन प्रादेशिक सार्वजनिक खरिद कानून जारी गरी लागू गर्ने व्यवस्था मिलाइने छ ।

५६) सार्वजनिक खर्चलाई पारदर्र्शी जवाफदेही, विश्वसनीय र पूर्वानुमानयोग्य बनाउन खर्च मितव्ययिता  सम्बन्धी मापदण्ड तयार गरी लागू गरिने छ ।

५७) स्थानीय सरकारको सम्पत्ति व्यवस्थापन प्रणाली प्रभावकारी बनाउन सम्पत्ति व्यवस्थापन सम्बन्धी रणनीतिक कार्ययोजना तयार गरी एकीकृत सम्पती कर कार्यान्वयन ल्याइने छ ।

।

५८) स्थानीय तहमा वित्तीय पहुँच सहज बनाउन लघुवित्त, बचत तथा ऋण सहकारी संस्था सञ्चालन तथा नियमन गर्ने उपयुक्त स्थानीय नीति तथा नयाँ मापदण्ड तयार गरी लागू गरिने छ । सरकारी, सहकारी र नीजि क्षेत्र संग रहेको वित्त परिचालन बारे विशेष कार्यक्रम सञ्चालन गरिने छ । साथै एक व्यक्ति एक उत्पादन तथा अनिवार्य बचत को नीति लागु गरिने छ ।

५९) यस गाउँ पालीकाको समग्र विकासमा कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राख्दै खाद्यान्न उत्पादन, फलफूल, तरकारी, अदुवा, अलैची, नगदे बाली दुग्धजन्य पदार्थ, माछा मासु, जडिवुटी, मह, च्याउ जस्ता वस्तु र बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न वैज्ञानिक योजना बनाएर लागु गरिने छ ।

उत्पादन नीतिलाई लागू गरिने छ ।

६०) कृषि तथा पशु सेवा प्रसारमा आम नागरिकको पहुँच वृद्धि गर्ने नीति अवलम्बन गरिने छ ।

६१) फलफूलको मूल्य अभिबृद्धी गर्न प्रशोधन केन्द्र तथा शीत भण्डार स्थापनाको सम्भाव्यता अध्ययन गरिने छ ।

६२) गुणस्तरिय वीउ उत्पादन तथा बजारीकरणमा जोड दिदै उत्पादन र उत्पादकत्व बृद्धिको सम्भाव्यता अध्ययन गरिने छ ।

६३)पालीका भित्रदर्तारहेका फार्महरुको स्तरोन्नती गरिने छ ।

६४) पशुजन्य उत्पादनको बजारीकरण एवमं प्रशोधनका लागि आवश्यक पूर्वाधार विकासमा अनुदानको व्यवस्था गरिनेछ ।

६६) किसानहरुलाई प्राङ्गारीक मल र जैविक औषधि अनुदानमा उपलव्ध गराउनुका साथै प्रदेश स्तरमा प्राङ्गारीक मल उत्पादन तथा जैविक औषधि उद्योगको स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने छ । साथै रैथाने बालीको बिउ उत्पादन, प्रशोधन र भण्डारणमा विशेष अनुदान व्यवस्था गरिने छ ।

६७) गाउँपालीकालाई रासायनिक मल र विषादीको प्रयोग न्यूनिकरण गरी अर्गानिक कृषि उत्पादनलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।

६८) महिला सहकारीहरुलाई उत्पादन र कृषि जन्य उद्योगहरुको लागि विशेष प्रोत्साहनका साथै सीपमुलक तालिमको विशेष व्यवस्था गरिने छ ।

६९) "गाँउ शहरमा सहकारी घरघरमा रोजगारी" को निति अनुरुप सहकारीलाई अभियानको रुपमा अगाडी वढाइने छ । अन्त्यमा यस आ.व.०७४।०७५ मा भएको आय व्यायको सभामा जानकारी गराउने अनुमती चाहन्छु ।

(क) आ.व. २०७४।०७५ मा यस गाउँपालिकामा भएको आय मध्येनेपाल सरकारको अनुदान अन्तर्गत अन्तर सरकारी वित्तीय हस्तान्तरण सशर्त अनुदान तर्फ रु. ७करोड ३२ लाख ३४ हजार, वित्तीय समानीकरण अनुदान अन्तर्गत १३ करोड ८० लाख ७ हजार, अघिल्लो वर्षको मौज्दात रु. ४८ लाख, कर्णाली रोजगार कार्यक्रम तर्फ रु. १ करोड ३२ लाख, सामाजिक सुरक्षा तर्फ रु. ४ करोड २३ लाख, साना सिचाई आयोजना तर्फ रु. ४५ लाख, गरिवसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत रु. ५ लाख २९ हजार सामुदायीक विकासकार्यक्रम १३ लाख २२हजार गरी कुल वजेट रु. २५ करोड ४२ लाख ७८ हजार प्राप्त भएको थियो ।

(ख) जस मध्ये यस आ.व.मा सशर्त अनुदान तर्फ प्राप्त भएको रकम मध्ये खर्च हुन नसक्ने शीर्षकको रु. ५९ लाख ११ हजार २ सय ७७ रुपैया नेपाल सरकारको ढुकुटीमा फिर्ता गएको छ ।

(ग) आ.व. २०७४।०७५ मा रु. १० लाख आन्तरीक राजश्व संकलन गर्ने लक्ष्य राखिएकोमा रु. ४ लाख मात्र राजश्व संकलन भई वाँकी रु. ६ लाखको राजश्व घाटा आगामी आ.व. २०७५।०७६ को वजेटमा समावेश गरिएको छ ।

अव म आगामी आ.व. २०७५।०७६ को आय अनुमान निम्न बमोजिम रहेको व्यहोरा यस सभामा जानकारीका लागि पेश गर्दछु ।

(क) आ.व. २०७५।०७६ मा यस गाउँपालिकाको अनुमानित आय मध्ये नेपाल सरकारको अनुदान अन्तर्गत अन्तर सरकारी वित्तीय हस्तान्तरण सशर्त अनुदान तर्फ रु. १० करोड २४ लाख, वित्तीय समानीकरण अनुदान अन्तर्गत ९ करोड १३ लाख,४ हजार र राजश्व वाडँफाँड तर्फ रु ४ करोड ८६ लाख २५ हजार प्राप्त हुने ।

(ख) कर्णाली प्रदेश सरकारको अनुदान तर्फ वित्तीय समानीकरणमा रु. ५० लाख ८ हजार, राजश्व वाडफाडमा रु. १ लाख ३० हजार प्राप्त हुने,

(ग) आन्तरीक राजश्व तर्फ रु. १० लाख, सामाजिक सुरक्षा तर्फ रु. ४ करोड ८० लाख, साना सिचाई आयोजना तर्फ रु. ९० लाख ८१ हजार , वहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ १२ लाख ३५ हजार प्राप्त भई जम्मा रु.३० करोड ७० लाख ८३ हजार आ.व. २०७५।०७६ मा अनुदान स्वरुप प्राप्तहुने अनुमान गरिएको छ ।

आगामी आ.व. २०७५।०७६ मा प्राप्त हुने कुल वजेटको अनुमानित वजेट खर्च निम्न वमोजिम रहेको व्यहोरा जानकारी गराउँदछु ।

| | |
|---|---|
| १ | शिक्षा ६९००००० उनान्सत्तरी लाख |
| २ | स्वास्थ्य४१००००० एकचालीस लाख |
| ३ | कृषी २१००००० एक्काईस लाख मात्र |
| ४ | पशु २१००००० एक्काईस लाख मात्र |
| ५ | विधुत ८३००००० त्रियासी लाख मात्र |
| ६ | लक्षित बर्ग २४०००००चौबीस लाख मात्र |
| ७ | संचार २०००००० बिस लाख मात्र |

| | |
|---|---|
| ८ | सडक ५0000000पाच करोड मात्र |
| ९ | चालु ४0000000 चार करोड मात्र |
| १० | अन्य भैपरी १0२९000दश लाख उन्नतीस हजार मात्र |
| ११ | प्रहरी चौकी व्यवस्थापन १000000 दश लाख मात्र |
| १२ | वडास्तरी पुर्वाधार २0000000 दुई करोड मात्र |

| **प्रदेश बाट प्राप्त बजेट ५१३८000। एकाउन्न लाख अठत्तिस हजार** | |
|---|---|
| १ | **विभिध ९३८000। नौलाख अठतीस हजार** |
| २ | **खेलकुद १000000। दश लाख** |
| ३ | **प्राविधिक शिक्षा ३२00000। बत्तिस लाख** |

७०) अन्त्यमा, शुभकालीका गाउँपालीकाके समग्र विकास अभियानमा महत्वपूर्ण सहयोग पुयाउने सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, सम्पूर्ण शुभकालीका गाउँपालीका वासीहरुका साथै सबै बजेट विनयेजनमा न्यायिचत सहयेग गर्नेनेपाल सरकार, प्रदेश सरकारहरु, स्थानिय सरकार दुई पक्षीय तथा बहु पक्षीय अन्तराष्ट्रिय संघ संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**शुभकालीका गाउँपालीकाको जय होस , गाउँपालीका वासीहरुको जय होस ।**

**धन्यवाद ।**